# मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
# MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय बनेपा–१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक फोन नं.०११-६६२७८५,०११-६६३१२७

इमेलः info@manushilbs.com.np, वेबसाईट https://manushilbs.com.np


## विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३ श्रावन २९ गते शुक्रबार)**

**श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८३/०४/२८ गते बिहिवार बसेको ११३ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८३ भाद्र १४ गते आईतबार (तद्नुसार ३० अगस्ट, २०२६)

**समय** : बिहान १०:३० बजे ।

**स्थान** : होटल भ्यु भक्तपुर, बाचामारी, जगाती, भक्तपुर

**छलफलका विषयहरु:**

**क) विशेष प्रस्तावहरु**

१. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोबारको पुनः समायोजित मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा सञ्चालक समितिले आधार नेटवर्थमा पुनः समायोजन गरेको प्रतिशत बमोजिम शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित गाभ्ने गाभिने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

**ख) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८३/०५/०५ गते १ दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०५/०४ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री नेपाल एस.बि.आई बैकिङ्ग लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउनेछन् ।

२. विशेष साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनुपर्नेछ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ०९.०० बजेदेखि खुल्ला रहनेछ। विशेष साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले सभासँग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध छ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. विशेष साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोमा दर्ता गराई सक्नुपर्नेछ । यस वित्तीय संस्थाको वेबसाइट www.manushilbs.com.np बाट प्रोक्सी फारम प्राप्त गर्न सकिनेछ ।

६. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेर बदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि मानुषी विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोकमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ ।

७. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले सम्बोधन गर्न सक्नेछन् ।

९. सभा सम्बन्धि अन्य काम कार्वाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

१०. विशेष साधारण सभा सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ०११-६६३१२७ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।